अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

पौवादुङमा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः- ८ संख्याः-३ मितिः-२०८२/०९/०६

## भाग-२

## पौवादुङमा गाउँपालिका

**पशुपालन प्रर्वद्धन कार्यक्रम संचालन मापदण्ड २०८२**

**प्रस्तावना**

पौवादुङमा गाँउपालिका ,गाँउकार्यपालिकालाइ प्राप्त अधिकार क्षेत्र भित्र रहेर यस पालिका भित्र का सवै वडामा पशु नस्ल सुधार गर्न अनिवार्यता भइको हुदा पशु उपचार सेवालाई व्यवस्थित गर्दै दिगो विकासका लक्ष्यहरु पुरा गर्न पशुज्य उत्पादन र उत्पादकतव बृदि गर्न ,कृतिम गर्भधारण कार्यको नियमितता र अनिवार्यता गरि समग्र विकास लक्ष्य तथा सेवा प्रवाहको सुनिश्चितताका लागिआर्थिक विकास एक अपरीहार्य अनि अनिवार्य पक्ष हो । यस कार्यका लागि उन्नतजातीय नश्ल सुधार तथा व्यवसायीक पशुपालन गरी दिगो र सम्मुनत समाजनिर्माण गर्न अति आवश्यक छ । यस गाउँपालिका भित्र आर्थिक विकासको मेरुदण्डको रुपमा रहको पशुपालन व्यवसायलाई थप दिगो तथा नाफामुखीवनाउन पशुपालन प्रर्वद्धन गरि कृषक महानुभावहरुको जीविकोपार्जनमा सुधार ल्याई सम्मुनत आर्थिक दिगोविकासका लागि "**कोशी प्रदेश ,उधोग,कृषि तथा सहकारी मन्त्रालयबाट स्थानीय तहहरुमा वितिय हस्तान्तरण मार्फत सशर्त अनुदान कार्यक्रम संचालन मार्गदर्शन** " को वुदा नं २ वमोजिम यस गाउँपालिका भित्रकासम्पूर्ण कृषक वर्गमा पशुपालन सम्वन्धि सेवा सुविधा सुनिश्चिताका लागि "**पशुपालन प्रर्वद्धन कार्यक्रम संचालन मापदण्ड २०८२** " जारीगरिएको छ ।

**परिच्छेद १**

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "पशुपालन प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड २०८२ " रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा ।

**(क) "गाउँपालिका"**भन्नाले पौवादुङमा गाउँपालिका भोजपुरलाई सम्झनु पर्छ ।

**(ख) "कार्यपालिका"**भन्नाले पौवादुङमा गाउँ कार्यपालिका भोजपुरलाई सम्झनुपर्छ ।

**(ग) "अध्यक्ष"**भन्नाले पौवादुङमा गाउँपालिका अध्यक्ष भन्ने सम्झनुपर्दछ ।

**(घ) "उपाध्यक्ष"** भन्नाले पौवादुङमा गाउँपालिका उपाध्यक्ष भन्ने सम्झनुपर्दछ ।

**(ङ) "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले पौवादुङमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनुपर्दछ ।

**(च) "स्थानीय सरकार"** भन्नाले पौवादुङमा गाउँपालिका वा नेपाल सरकारले तोकेको स्थानीय तहलाई सम्झनुपर्दछ ।

**(छ) "प्रशासकीय कार्यविधि"** भन्नाले पौवादुङमा गाउँपालिका प्रशासकीय कार्यविधि २०७५ सम्झनुपर्छ ।

(ज) **"कृषक**" भन्नाले यस गाउँपालिकामा स्थायी वा अस्थायी बसोबास गर्नेसम्पुर्ण कृषकलाई सम्झनुपर्छ ।

**(झ) "कृषक समुह"** भन्नाले गाउँपालिकामा नियमानुसार दर्ता भएका वा सोभन्दा अघि विषयगत रुपमा दर्ता भएका कृषक समुह सम्झनुपर्दछ ।यसमा विभिन्न समुह सेवाका समेतलाई जनाउदछ ।

**(ञ) "पशुपंक्षी"** भन्नाले घरपालुवा रुपमा पालिने सम्पुर्ण जनावरलाई सम्झनुपर्छ यसमा कुकुर तथा हाँस र अन्य पशुवा पंक्षी समेतलाई जनाउदछ ।

**(ट) "पशुपंक्षी विकास शाखा**" भन्नाले पौवादुङमा गाउँपालिका पशुपंक्षी सेवा इकाईलाई सम्झनु पर्छ ।

(ठ) **"शाखा प्रमुख"** भन्नाले पौवादुङमा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशुपंक्षी सेवा इकाई सम्झनुपर्दछ ।

(ड) "**पशुसेवा प्राविधिक"** भन्नाले पौवादुङमा गाँउपालिकामा नियुक्त भएका पशु प्राविधिकहरु साथै करारमा नियुक्त भएका प्राविधिक सम्झनु पर्दछ ।

(ण) "**प्रस्तावना"** भन्नाले संघ, प्रदेश सरकार, स्थानीय सरकार वा अन्यविभिन्न निकायवाट आव्हान भएका सुचनाहरु समेतलाई जनाउदछ ।

**(त) "कार्यक्रम**" भन्नाले पशुपालन सँग सम्वन्धित विभिन्न कार्यक्रमहरु भन्ने सम्झनुपर्दछ ।

**(थ) "लक्षित वर्ग**" भन्नाले गाउँपालिका भित्र वसोवास गर्ने विभिन्न वर्गका क्षमता भएका कृषकहरुलाई सम्झनुपर्दछ ।

**(द) "साझदारी"** भन्नाले विभिन्न कार्यक्रम सञ्चालनका लागि सरकारी तथा गैह्र सरकारी र निज स्वयम किसान वीचको द्धिपक्षीय बहुपक्षीय सम्झौतामासञ्चालन हुने कार्यक्रमहरुको साझेदारी सम्झनुपर्दछ ।

**(ध) "अनुदान"** भन्नाले संघ, प्रदेश र स्थानीय तह वा अन्य सम्पुर्ण निकायवाट नियमानुसार प्रदान हुने अनुदान रकम सम्झनु पर्दछ, यसमा नगद वाजिन्सी समेतलाई जनाउदछ ।

**(न) "विषयगत निकाय"** भन्नाले पौवादुङमा गाउँपालिका पशुपंक्षी सेवा इकाइ सम्झनु पर्दछ ।

**(प) "वडा"** भन्नाले यस पौवादुङमा गाँउपालिका अन्तरगतका छ वटै वडा कार्यालय सम्झनु पर्दछ।

**(फ) " सामाग्रि"-** भन्नाले कृतिम गर्भाधानका लागि प्रयोग हुने औजार,सिमेन तथा उपकरणहरु सम्झनु पर्दछ।

**(व) "पशु चिकित्सकः"** पौवादुङमा गाँउपालिका मा स्थायी रुपमा नियक्त भएका पशु चिकित्सा परिसदमा दर्ता भएको अधिकृतस्तरको कर्मचारि सम्झनु पर्दछ।

(य) **"कर्मचारि"** भन्नाले गाँउपालिका पशुसेवा शाखामा कार्यरत सम्पुर्ण कर्मचारि सम्झनु पर्दछ।

ट) **"प्राविधिक तथा सहयोगि कर्मचारी "**भन्नाले गाँउपालिकाले केहि अवधिको लागि छनोट गरेको जनशक्ति सम्झनु पर्छ।

**२- पशुपालन प्रर्वद्धन कार्यक्रम अन्तरगत गर्न सकिने कार्यक्रम**

| कार्यक्रमहरु | कृषकको तर्फबाट अनुदान साझेदारी | कैफियत |
|---|---|---|
| गाई खरिद | पचास प्रतिशत | उन्नत जातको गाई,जर्सि होलिष्टिन वा क्रस |
| गोठ निर्माण तथा भकारो सुधार | पचास प्रतिशत | पुरानो गोठ सुधार गर्न सकिनेछ। |
| च्याप कटर खरिद | पचास प्रतिशत | |

| | | |
|---|---|---|
| काउ म्याट(Cow Mat) खरिद | पचास प्रतिशत | |
| डेरी संचालन/सामाग्री खरिद | पचास प्रतिशत | |
| भैसी,बाख्रा ,वंगुर खरिद | पचास प्रतिशत | उन्नत जात तथा क्रस खरिद गर्न सकिने। |

| | |
|---|---|
| व्यवसायिक पशुपालन सम्वन्धि तालिम संचालन | ३-७ कार्यदिनको पशुपालन तालिम संचालन गर्न सकिनेछ। |

| | |
|---|---|
| घाँसको विउ/वेर्ना खरिद | कृषकको पचास प्रतिशत साझेदारीमा उन्नत जातको घाँस वितरण गर्न सकिनेछ। |

## ३- अनुदान प्रदान प्रकृतिः

| | |
|---|---|
| यदि कृषकले रु.१,००,०००-/ अक्षरुपि एक लाख सम्मको खरिद तथा कार्यक्रम गरेमा | खर्च भएको रकमको पचास प्रतिशत |
| यदि कृषकले रु.१,००,०००-/ अक्षरुपि एक लाख भन्दा माथि खरिद तथा कार्यक्रम गरेमा | अनुदान वापत रु.५०,०००-/ अक्षरुपि पचास हजार मात्र प्रदान गरिने छ। |
| ढुवानी वापत अनुदान | जिल्ला भन्दा बाहिरबाट पशु ढुवानी गर्नु परेमा ५० प्रतिशत अनुदान प्रदान गर्न सकिने छ। |

## ४- कार्यक्रम संचालन प्रक्रिया

१- कृषकले तोकिएको ढाँचामा सुचनामा तोकिएको समय भित्र निवेदन पेश गर्नु पर्ने।
२- आवेदन दिने कृषकले आफ्नो व्यवसायिक प्रस्तावना पेश गर्नु पर्नेछ।
३- छनोट भएका कृषकले गाउँपालिका संग सम्झौता गर्नु पर्ने।
४- सम्झौता वमोजिम कृषकले आफै पशु तथा अन्य सामाग्री खरिद गर्नु पर्ने।
५- कृषकले खरिद गर्दा नियम अनुसार सरकारी निकाएमा दर्ता भएको फर्म/सप्लायर्स बाट गर्नु पर्ने छ र कृषकले सम्वन्धित फर्मले कर चुक्ता गरेको प्रमाण गाउँपालिकामा पेश गर्नु पर्नेछ।
६- कृषकले स्व-घोषणा गर्नु पर्ने ।
७- गाउँपालिकाबाट अनुगमन तथा मुल्याङ्कन गर्ने ।
८- उनुदान प्रदान गर्न उचित देखिएमा सम्वन्धित कृषकको नाममा रकम भुक्तानी गरिने छ।
९- अनुदान प्राप्त गर्ने कृषकले कम्तिमा २ बर्ष सम्म पशुपालन गर्नु पर्ने।

## ५- अनुगमन मूल्याङ्कन तथा सिफारिस समिति व्यवस्था तथा काम कर्तव्य अधिकार

(१) गाउँ कार्यपालिकाले कार्यपालिका सदस्य, जननिर्वाचितप्रतिनिधी वा विषयगत निकायका पदाधिकारीवाट यस कार्यक्रमको प्रत्यक्ष अनुगमन मूल्याङ्कन गर्न सक्नेछ ।

(२) यस कार्यक्रमको कार्यान्वयनको अनुगमन मूल्याङ्कन गरी आगामी वर्षकोकार्यक्रम कार्यन्वयन तथा दिगोपनाका लागि देहाय अनुसारको एक सिफारिस समिति रहनेछ ।

गाउँपालिका अध्यक्ष संयोजक

गाउँपालिका उपाध्यक्ष — सदस्य

पौवादुङमा गाउँपालिका वडाध्यक्ष मध्येवाट एक जना — सदस्य

प्रमुख प्रशासकीय अधिकृत — सदस्य

पशु सेवा शाखा प्रमुख — सदस्य सचिव

(३) साथै कार्यविधिको उदेश्य अनुरुप कार्यको प्रभावकारीता मूल्याँकन गरी आवश्यक निर्णय सहित गाउँ कार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेशगर्नेछ।

४) वुदा नं २ मा गठित समितिले उनुमोदन गरेका कृषकलाई मात्र अनुदान प्रदान गरिने छ।

५)गाउँकार्यपालिकाबाट निर्णय गरी लाभग्राही छनोट गरिने छ।

**६ - कार्यक्रम संचालन तथा व्यवस्थापन खर्चः**

गाउँपालिकाबाट सम्वन्धित कार्यक्रमको लागि विनियोजित बजेटको पाँच प्रतिशत नबढ्ने गरी कार्यक्रम संचालन, व्यवस्थापन तथा अनुगमनको लागि रकम खर्च गर्न सकिने छ तर खर्च गर्दा पंचास प्रतिशत साझेदारी गर्न गर्नु पर्ने छैन र यस शिर्षकबाट तालिम संचालन गर्दा प्रति दिन कृषक सहभागि भत्ता रु.५००-/ खाजा खर्च प्रति दिन प्रति सहभागि रु.२००-/र प्रशिक्षक भत्ता प्रति कार्यपत्र १२००-/ को दरले प्रदान गर्न सकिने छ। कार्यक्रम सहयोगि भत्ता रु.१०००-/प्रति व्यक्ति प्रदान गर्न सकिने छ।

**७- अभिलेख तथा प्रगति प्रतिवेदनः**

(१) यस कार्यक्रमले निर्धारित गरेका सम्पूर्ण अनुसुची अनुसारका कागजपत्रहरुको व्यवस्थापन गर्ने कार्य सम्बन्धित विषयगत निकायले गर्नु पर्नेछ।

(२) प्रगति प्रतिवेदन त्रैमासिक/ चौमासिक र वार्षिक रुपमा सम्बन्धित सम्बन्धित विषयगत निकायले गाउँकार्यपालिकामा प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

**८- पशु स्वस्थता प्रमाणपत्र पेश सम्वन्धमा**

दर्तावाला अथवा कार्यरत स्थायी पशु चिकित्सकले पशु स्वस्थता भएको प्रमाणपत्र पेश गर्न सक्ने छ। स्वस्थता प्रमाणपत्र जारी गर्दा प्रति ठुला पशु(गाई/भैंसि) रु.५००-/ साना पशु(भेडा/बाख्रा/वंगुर) रु.२००-/ र कुखुराको हकमा रु.२०-/ रकम पशु चिकित्सकलाई भुक्तानी गर्नु पर्ने छ र उक्त रकम कार्यक्रम संचालन व्यवस्थापन शिर्षकबाट भुक्तानी गरिने छ।

**९- बाधा अड्काउ फुकाउनेः** यस मापदण्ड कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

**१०- परिमार्जन तथा संशोधनः**यो मापदण्डलाई आवश्यकता अनुसार पौवादुङमा गाँउपालिका गाउँकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

अनुसुचि-१

## पौवादुङमा गाउँपालिका

### पशुपालन प्रर्वद्धन कार्यक्रम संचालन मापदण्ड २०८२

### निवेदनको ढाँचा

### पशुपालन प्रर्वद्धन कार्यक्रमको लागि माग फारम

मितिः २०८२। ।

श्रीमान प्रमुख प्रशासकिय ज्यू,
पौवादुङमा गाउँ कार्यपालिकाको कार्यालय,
च्याङ्ग्रे, भोजपुर

**विषयः** आवेदन पेश गरिएको सम्वन्धमा।

प्रस्तुत विषयमा यस गाँउपालिका पशु सेवा शाखाको आर्थिक वर्ष २०…./…… को वार्षिक कार्यक्रम अन्तरगत ५० प्रतिशत अनुदानमा पशुपालन प्रर्वद्धन कार्यक्रमको लागि तपशिल वमोजिमको माग सहित देहायका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु।

**माग गरिएका पशु तथा सामाग्रीः**

| पशु/वस्तुको नाम | मात्रा/संख्या |
|---|---|
| | |

**निवदेकको**

हस्ताक्षरः
नामः
ठेगानाः
सम्पर्क नं.
संलग्न कागजातहरुः

१. नेपाली नागरिकताको प्रतिलिपिः १ थान
२. स्व-घोषणा पत्र
३. व्यवसायिक प्रस्तावना

औठा छाँप

| दायाँ | बायाँ |
|---|---|
| | |

अनुसुचि-२

# पौवादुङ्मा गाउँपालिका

पशुपालन प्रर्वद्धन कार्यक्रम संचालन मापदण्ड २०८२

**अनुगमन प्रतिवेदनको ढाँचा**

**१- सम्वन्धित कार्यक्रमको नामः**

**२- कार्यक्रम संचानल भएको आर्थिक वर्षः**

**३- अनुगमन गरिएको कृषकको नाम/फर्मको नामः**

**४- अनुगमन गर्दा प्राप्त वस्तुको विवरणः**

| पशु/वस्तुको विवरण | संख्या | खरिद मुल्य | खरिद गरिएको फर्मको नाम | अनुदानमा साझेदारी रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**४- अनुगमन गरिएको पशु/वस्तुको प्राविधिक मुल्याङ्कन**

| Animal's Breed | Animal's Age | Calving/Lactation Period | Production |
|---|---|---|---|
| | | | |
| | | | |

**५- अनुगमन टोलीमा सहभागि पधाधिकारी/कर्मचारी/पशु प्राविधिक/उपभोक्ताको विवरणः**

| नाम | पद | हस्ताक्षर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**६- अनुगमन टोलीको राय तथा सुझावः**

अनुसुचि-३

**पौवादुङ्मा गाउँपालिका**

पशुपालन प्रर्वद्धन कार्यक्रम संचालन मापदण्ड २०८२

# पशु स्वास्थ्य परीक्षण प्रतिवेदन (Animal Health Inspection Report)

**यसले प्रमाणित गर्दछ कि अनुगमनको क्रममा निरीक्षण गरिएका पशु/पशुहरु निम्न विवरण अनुसार पूर्ण रूपमा स्वस्थ छन।**

## पशु (हरू) को पहिचान (Identification of the animal/s) :

कानमा लगाईएको चिन्ह (Ear Mark):

जात(Breed):

लिङ्ग(Sex):

उमेर(Age):

**जाँच गरिएका जम्मा पशुको संख्याः**

| ठुला पशु | साना पशु | दर | जम्मा रकम | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| जम्मा रकम | | | | |

- **अनुगमन मिति(Monitoring Date)**: ................................
- **स्थान(Location)**: ........................................
- **गोठ/फार्म/कृषकको नाम(Farm/Farmer Name)**: ..........................
- **पशुको संख्या(Animal Number)**: ..........................
- **रोगको लक्षण(Disease Symptoms)**: कुनै देखिएको छैन।
- **खोप अवस्था( Vaccination Status)** : खोप लगाइएको / अभिलेख छ/छैन।

| FMD | PPR | Swine Fever | Rabies | HSBQ | DHPPL | Others |
|---|---|---|---|---|---|---|
| | | | | | | |

- **समग्र पशु/पशुहरुको अवस्था**: पशु/पशुहरू सक्रिय, सन्तुलित र स्वस्थ छन भनि प्रमाणित गर्दछु।(Overall Animal / Animal condition: I have proved to be active, balanced and healthy)

**भेटेरिनरी अधिकृतको नाम(Veterinary Officer Name):**

**पद(Designation):**

**कार्यालय(Office) :**

**दस्तखत र छाप(Signature and Stamp):**

आज्ञाले,

नविन भट्टराई

प्रमुख प्रशासकीय अधिकृत